आज मिति २०७७/०६/०९ गतेका दिन यस धवलागिरी गाउँपालिका का अध्यक्ष श्री धनसरा पुनको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका को बैठकमा तपशिल बमोजिमको उपस्थितिमा देहायबमोजिमका एजेण्डा हरूमा छलफल गरी निर्णय गरियो

१. धनसरा पुन - अध्यक्ष
२. रेशम छन्त्याल - उपाध्यक्ष
३. झक बहादुर छन्त्याल - वडा अध्यक्ष वडा नं.१
४. राम प्रसाद वि.क. - ,, ,, ,, ,,२
५. पूर्ण पुन - ,, ,, ,, ,,३
६. मेग प्रसाद घर्ती - ,, ,, ,, ,,४
७. खड्क कुमारी छन्त्याल - ,, ,, ,, ,,५
८. राजाराम उपाध्याय - ,, ,, ,, ,,६
९. कलानिधी शर्मा - ,, ,, ,, ,,७
१०. राम बहादुर वि.क. - कार्यपालिका सदस्य
११. तिलकुमारी के.सी - ,, ,,
१२. देउ प्रसाद छन्त्याल - ,, ,,
१३. बालकुमारी सुनार - ,, ,,
१४. सुवा देवी पुर्जा - ,, ,,
१५. किनमाया घर्ती - ,, ,,
१६. गोपाल शर्मा - सदस्य सचिव

प्रस्तावहरू :

१. जिल्ला समन्वय समितिगत प्राप्त बजेट सम्बन्धमा ।
२. कर्मचारीको सरुवा सहमति सम्बन्धमा ।
३. रेडक्रस र स्वास्थ्य चौकिका लागि जग्गा सम्बन्धमा ।
४. टेण्डर प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।
५. स्वास्थ्य संस्थालाई मासिक मसलन्द खर्च उपलब्ध गराउने ।
६. द्रुत गतिको इन्टरनेट सेवा माग गर्ने सम्बन्धमा ।
७. राहत रकम उपलब्ध गराउने सम्बन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना सम्बन्धमा ।
९. एकिकृत बस्ती निर्माणका लागि आवश्यक पहल सम्बन्धमा
१०. प्राविधिकहरूको प्रोत्साहन भत्ता सम्बन्धमा ।
११. कर्मचारीको स्थाई थप सम्बन्धमा

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १.

प्रस्ताव नं. १ उपर छलफल गर्दा जिल्ला समन्वय समितिबाट यस गाउँपालिकाका लागि विनियोजन गरेको रु. ३०,००,०००/- (अक्षरुपी तिस लाख मात्र) र गाउँपालिकाले लागत साझेदारी गर्नुपर्ने ४०% को दुरु आउने रकम रु. २०,००,०००/- (अक्षरुपी बिस लाख मात्र) सम्पूरक कोषबाट व्यहोर्ने गरी वडा नं. ६, ताकमको वडा कार्यालय निर्माण गर्ने गरी विनियोजन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरु ~~मञ्जरी बुढा~~ प्रशिला आले मगर (सहायक-चौथो स्तर) र ओम्बिका कार्की (अ.स.ब.ई) लाई स्रुवा भई आउन सहमति प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ६ ताकम स्थित साविक अन्नपूर्ण प्रा.वि. हाल ताकम मा.वि मा मर्ज भएको विद्यालयको जग्गा नेपाल रेडक्रस सोसाइटी र धवलागिरी गाउँपालिका वडा नं. ४ मुदी स्थित बुद्ध विकास मा.वि को नाममा रहेको जग्गा मुदी स्वास्थ्य चौकीको नाममा ल्याउन सम्बन्धित निकायमा सिफारिस सहित पहल गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ उपर व्यापक छलफल गर्दा गण्डकी प्रदेश सरकार बाट समपूरक अनुदान वापत प्राप्त कुहिने-खारा-खाम्ला खिबाङ मोटरबाटो, मुना मुदी खिबाङ मोटरबाटो र वडा नं. ६ ताकम को वडा कार्यालय निर्माणको लागि टेण्डर प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित ~~गर्ने~~ गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ उपर व्यापक छलफल गर्दा गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकि र सामुदायिक स्वास्थ्य इकाइहरुलाई क्रमश: मासिक रु. ५,०००/- (पाँच हजार मात्र) र २,५००/- (अक्षरुपी दुई हजार पाँच सय मात्र) मसलन्द खर्च वापत कार्यालय संचालन तथा मसलन्द खर्च बाट खर्च लेख्ने गरी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं. ६ उपर व्यापक छलफल गर्दा महामारीको अत्यन्त परिस्थितिका कारण उत्पन्न असहज अवस्थामा ... [illegible]

शिक्षण सिकाइ क्रियाकलाप लगायतका अन्य गतिविधिहरु सुचारु गर्न इन्टरनेट अपरिहार्य भएकोले प्रत्येक वडामा द्रुत गतिको इन्टरनेट प्रविधिको विकास गर्न सरोकारवाला सम्बन्धित निकायमा अनुरोध साथ पहल गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भएका दल बहादुर पुनको छोरा वर्ष ३३ को शेर बहादुर पुनको मिति २०६३।०३।२१ गतेका दिन धवलागिरी गाउँपालिका वडा नं. ६ स्थित हिलापोखरी ताकम देखि धवलागिरी ०३ मुना जोड्ने मोटर बाटो खन्ने क्रममा साथै सो ऐ निवासी श्री प्रसाद पुनको छोरा वर्ष ३१ का टेक प्रसाद पुनको मुना मुदी मोटर बाटो खन्ने क्रममा माथिबाट ढुङ्गा आएर असामयिक निधन भएकोले निज दुवै जनालाई जनही रु. २,००,०००।- (अक्षरुपी दुई लाख मात्र) राहत स्वरुप आर्थिक सहायता शिर्षकबाट खर्च लेख्ने गरी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं. ७ उपर व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित ~~देखियो~~ गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | कार्यान्वयन हुने वडा | बजेट |
|---|---|---|---|
| १. | गाउँ मित्र फोहोर व्यवस्थापनका लागि स्लेट ढुंगा छाप्ने | १, गुर्जा | |
| २. | नाग्लेबाङ, तारना पर्यटकीय पदमार्ग | " | |
| ३. | जर्पु, घासमार, हरेनचेन घोरेटो बाटो निर्माण | " | |
| ४. | लुलाङ, गाउँटोलमा बाटो मर्मत तथा ढुंगा बिछ्याउने | २, लुलाङ | |
| ५. | बोरिया मास्कटेरी देखि धारा टोल सम्म बाटो मर्मत | " | |
| ६. | लमसुङ पर्यटन क्याम्पदेखि लमसुङ माथि सम्म बाटो मर्मत | " | |

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | बजेट |
|---|---|---|---|
| ७. | मुनादेखि मालिका सम्म जाने पर्यटकीय पदमार्ग | ३, मुना | |
| ८. | दर मुल्लापारो देखि भूमेस्थानसम्म जाने पर्यटकीय पदमार्ग | ,, | |
| ९. | पालिका केन्द्र देखि औखलेसम्म जाने घोरेटो बाटो मर्मत | ,, | |
| १०. | मुदीको चिवाखोला देखि गुर्सना सम्म जाने घोरेटो बाटो | ४, मुदी | |
| ११. | चेचुङदेखि सिङकोष जाने पर्यटकीय पदमार्ग | ,, , चेचुङ | |
| १२. | छारे खोला देखि माल्गैरो हुँदै बेघाङ जाने भिरको बाटो निर्माण | ,, , खाम्ला | |
| १३. | बान्चन पुतली डाँडा हुँदै क्वाचौर मुस्ताङ पर्यटकीय पदमार्ग | ५, मल्कवाङ | |
| १४. | होपा वयलहाडा हुँदै क्वाचौर सम्म पदमार्ग | ,, ,, | |
| १५. | मल्मपार डोपा देउराली हुँदै ख्वाचौर मुस्ताङ पर्यटकीय पदमार्ग निर्माण | ,, ,, | |
| १६. | राम्चे देखि थलाको धुरोसम्म जाने पदमार्ग सिँढी रेलिङ | ६, मराङ | |
| १७. | डाँडे गाँडा खोलामा रहेको सलुवा, अर्लेचो खेती संरक्षण तथा तारबन्देज | ,, ,,<br>,, ,, | |
| १८. | चौतारो वन देखि मालिका जाने पर्यटकीय पदमार्ग | ,, ,, | |
| १९. | ताकम कोटदेखि मालिका जाने पर्यटकीय पदमार्ग | ७, ताकम | |
| २०. | धारापानी मुनेबार जाने मोटरबाटो सोलिङ तथा मर्मत | ,, ,, , धारापानी | |
| २१. | मुना मोहिम मन्दिरको गुफाभित्रको माटो फाल्ने कार्य | ,, ,, , मोहिम | |

निर्णय नं ४. प्रस्ताव नं. ३ उपर छलफल गर्दा एकिकृत रुपमा निर्णय गर्ने प्रयोजनार्थ वडा नं. ६ मराङ स्थित [illegible] बैठी . गर्दाको

प्रमुख प्रशासकीय अधिकृत

नगायतका स्थानमा र वडा नं. ६ तालकका सम्भावित स्थानहरूमा भूगर्भविद्हरूको टोली खटाउने । भूगर्भविद्हरूको व्यवस्थापनका लागि प्रदेश सरकार समक्ष यथासक्य छिटो निर्णय गरी टोली पठाउन आग्रह गर्ने र समयमै सो कार्य हुन नसकेमा गाउँपालिका आफै टोली परिचालन गरी अध्ययन गराउने र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो । साथै संघ र प्रदेशमा आवश्यक पहल गर्ने प्रयोजनार्थ जनप्रतिनिधि, बुद्धिजिवी टोली (१० जनाको) पठाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

प्रस्ताव नं. १० उपर छलफल गर्दा यस धवलागिरी गाउँकार्यपालिकाको कार्यालयको प्राविधिक शाखामा कार्यरत कर्मचारीहरूलाई आ.व. २०७६/०७७ को श्रावण १ गते देखि लागू हुने गरी शुरु तलबमानको १५ दिन बराबरको तलब प्रोत्साहन भत्ता स्वरूप उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ उपर छलफल गर्दा मिति २०७६/०३/२५ को निर्णय बमोजिम विपद्को क्रममा अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्ने गरी वडा नं. ६ धारापानीमा करारमा नियुक्त गरिएका कर्मचारी श्री करना शेरपुन्जालाई २०७६ आश्विन मसान्तसम्म निरन्तरता दिने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

गोपाल ...
प्रमुख प्रशासकीय अधिकृत